# Cedar Grove High स्कूलका असाधारण विद्यार्थीहरू Sneaker Ball भव्य समारोहमा चम्किएका छन्

Cedar Grove High School ले अपाङ्गता भएका विद्यार्थीहरूको समूहको लागि असाधारण बालबालिका सप्ताहलाई झनै विशेष बनाएको छ । विद्यालयले Best Buddies, International सँग साझेदारी गरेर कार्यक्रमका लागि आर्थिक सहयोग सङ्कलन गर्न अप्रिल 16 मा *Sneaker Ball भव्य समारोह*को प्रायोजन गरेको थियो ।

Best Buddies के बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरूलाई सफल रोजगारी हासिल गर्दै र सामाजिक मान महसुस गर्दै आत्मनिर्भरता हासिल गर्न, आफ्नो पक्षमा आफै बोल्न, सञ्चारका सीपहरू बढाउन, र अर्थपूर्ण मित्रता विकास गर्न सहयोग गर्छ ।

Cedar Grove High की विशेष शिक्षा शिक्षक सुश्री Tonya Bush ले विद्यालयको यो विभागको प्रायोजन गर्नुहुन्छ । उहाँले ‘एक व्यक्तिदेखि अर्को व्यक्ति बीचको मित्रता’ पहलबाट विद्यार्थीमा यस कार्यक्रमको सकारात्मक प्रभाव देख्नुभएको छ । यो पहलले एक्लो बनाइएको तथा बहिष्कार गरिएको जनसङ्ख्याका लागि सामाजिक अन्तरक्रिया प्रदान गर्दै र जीवनको गुणस्तर तथा समावेशीकरणको स्तर सुधार गर्दै  बौद्धिक र विकासात्मक अपाङ्गता (IDD) भएका र नभएका व्यक्तिहरू बीच मित्रता निर्माण गर्दछ ।

“हाम्रा सामान्य शिक्षाका विद्यार्थीहरूले आफ्नो व्यस्त समयबाट समय निकाल्छन् र मित्रता साझेदारको कक्षाकोठामा गएर उनीहरूलाई नमस्कार भन्छन्, र कहिलेकाहीँ, लन्चको विश्राममा, उनीहरूसँग क्रियाकलापहरूमा सहभागी भएर बिताउँछन्,” सुश्री Bush ले भन्नुभयो । "कसैलाई आफूले ख्याल गरेको देखाउनुले धेरै फरक पार्छ ।"

Sneaker Ball बाट उठेको कोष विद्यार्थीहरूका लागि समुदायमा आधारित शिक्षण तथा क्रियाकलापहरू प्रदान गर्न प्रयोग गरिनेछ । Charles Gerth ले आफ्ना सहपाठीहरूसँग नाचे र कार्यक्रम आयोजना गरेकोमा सुश्री Bush लाई धन्यवाद दिए ।

“तपाईंले गरेका सबै राम्रा कुराहरू र सकारात्मक कुराहरूको लागि धेरै-धेरै धन्यवाद छ,” Charles ले भने । “हामी राम्रो समय बिताइरहेका छौं, रमाइलो गरिरहेका छौं । यो उत्कृष्ट दिन, सुन्दर दिन बनेको छ ।"

सुश्री Bush ले आशा गर्नुभएको छ कि Best Buddies ले अपाङ्गता भएका र नभएका विद्यार्थीहरूलाई स्थायी मित्रता बनाउन सहयोग गर्नेछ ।

“यस युगका हाम्रा विद्यार्थीहरूले सबै विद्यार्थीहरू एउटै हुन् तर उनीहरू फरक तरिकाले सिक्छन् भन्ने कुरा राम्रोसँग बुझ्दैनन्,” उहाँले भन्नुभयो । म प्रत्येक महिना एउटा कार्यक्रम आयोजना मात्र गर्दिन, म Best Buddy का मेरा सदस्यहरूलाई शिक्षा पनि दिन्छु । सल्लाहाकारको रूपमा, साधारण शिक्षाका विद्यार्थीहरूले बौद्धिक अपाङ्गता भनेको के हो भनेर जान्नु पर्दछ ।”

Best Buddies को बारेमा थप जानकारीका लागि, www.bestbuddies.org हेर्नुहोस् ।

XXX